# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

१ नं. प्रदेश, नेपाल

पत्र संख्याः ०७७/०७८
चलानी नं. ४०३८

मितिः २०७८।०२।१०

**बिषयः वडा स्तरीय आयोजना/कार्यक्रम पेश गर्ने सम्बन्धमा ।**

श्री वडा कार्यालहरु सबै (१२),

सिद्धिचरण नगरपालिका ओखलढुङ्गा ।

आर्थिक बर्ष ०७८/०७९ को लागि त्यस वडाको पूँजिगत बजेटको सिलिङ्ग रु.५० लाख निर्धारण गरिएको छ । उक्त बजेट सिलिङ्ग तथा तपसिलमा उल्लेखित मार्गदर्शनको परिधिभित्र रही आगामी आर्थिक बर्षमा त्यस वडा क्षेत्रमा सञ्चालन गरिने भौतिक पूर्वाधारजन्य आयोजना/कार्यक्रम र बिषगत शाखाहरुबाट सञ्चालन गरिनु पर्ने कार्यक्रमहरु समेत सहभागितामूक योजना तर्जुमाको प्रक्रियाबाट तर्जुमा गरी २०७८ साल जेठ २५ गतेभित्र यस कार्यालयमा पेश गर्न हुन नगर कार्यपालिकाको मितिः २०७८।०२।०७ को बैठकको निर्णय अनुसार अनुरोध छ ।

**योजना कार्यक्रम तर्जुमा सम्बन्धी मार्गदर्शनहरुः**

क) खाद्यवस्तुको उत्पादनमा बृद्धि हुने, स्थानीय स्रोत साधनको अधिकतम उपयोग हुने, गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने र रोजगारीको अवसर सिर्जना हुने आयोजना/कार्यक्रमहरु ।

ख) उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने खालका आयोजना/कार्यक्रमहरु ।

ग) महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने आयोजना/कार्यक्रमहरु ।

घ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण हुने आयोजना/कार्यक्रमहरु ।

ङ) क्रमागत आयोजनाहरु ।

२०७८।०२।१०
प्रमुख प्रशासकीय अधिकृत